**निर्णयः बैठक संख्याः २०३ मितिः २०७७/०३/२९ विहान ११:०० वजे**

समितिको आजको बैठकमा मुलुकभर हालैका दिनहरुमा आइरहेको बाढी, पहिरो, डुवान लगायत विपद् व्यवस्थापनका सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमको निर्णय भयो:-

१. बाढी, पहिरो, डुवान, कटान, चट्याङ लगायतका प्राकृतिक विपदहरुबाट हुने जनधनको क्षति न्युनीकरण तथा विपद् व्यवस्थापनका सम्बन्धमा यस अघि विभिन्न मितिहरुमा समितिले दिएका निर्देशनहरुको कडाइका साथ कार्यान्वयन गर्ने गराउने,

२. बाढी, पहिरो डुवानबाट वेपत्ता भएकाहरुको तत्काल खोजी तथा उद्दार गरी तीनै तहका सरकार एवं सरोकारवाला निकायहरुबीच आपसी समन्वय गरी एकद्वार प्रणालीमार्फत् राहत उपलब्ध गराउनका साथै सुरक्षित स्थानमा अस्थायी बसोबासको व्यवस्था मिलाउने,

३. क्षतिको गम्भिरताको आधारमा राहत रकममा वृद्धि गर्ने र प्रभावित व्यक्तिहरुको दैनिक जीवन सञ्चालनको लागि अत्यावश्यक सामाग्रीहरु तत्काल उपलब्ध गराउने,

४. बाढी प्रभावित क्षेत्रहरूमा सरुवा एवं महामारी रोग फैलन नदिन स्वास्थ्य सेवा एव् सरसफाई, सर्पदंश तथा अन्य औषधोपचारको आवश्यक व्यवस्था मिलाउने,

५. विपद्को समयमा हुन सक्ने सम्भावित चोरी, डकैती र महिलामाथि हुन सक्ने हिंसा लगायतका घटनाहरुप्रति सजग रही भरपर्दो सुरक्षा प्रबन्ध मिलाउने,

६. बाढी, पहिरो र डुवानमा परेकाहरुको उद्धार, राहत, उपचार तथा पुनःस्थापना कार्यमा प्रत्यक्ष संलग्न हुनुपर्ने स्थानीय तहहरुलाई आवश्यक साधन स्रोत सम्पन्न बनाई पूर्वतयारी अवस्थामा रहन आवश्यक व्यवस्था मिलाउने,

७. भू-वनोटको अध्ययन गरी उच्च जोखिममा रहेका वस्तीहरूलाई भू-उपयोग नीति अनुरुप यथाशिघ्र सुरक्षित स्थानमा एकीकृत वस्ती बसाल्न आवश्यक व्यवस्था मिलाउने,

८. घर, सडक, सिंचाइ लगायत अन्य भौतिक संरचना निर्माण गर्दा व्यवस्थित र वैज्ञानिक मापदण्ड अपनाउनुपर्ने, बैज्ञानिक सर्वे र वातावरण प्रभाव मूल्यांकन गरी दिगो विकासमा ध्यान दिँदै वातावरणमैत्री विकास निर्माणको कार्य अगाडि बढाउने,

९. अन्तर्राष्ट्रिय मापदण्ड विपरित सीमा नजिकैका क्षेत्रहरुमा निर्मित एवम् निर्माणाधिन सडक, वाँध, तटवन्ध लगायतका भौतिक संरचना तत्काल हटाउन आवश्यक पहल गर्ने,

१०. वाढी, पहिरो र डुवानबाट प्रभावित कोभिड-१९ का संक्रमितहरुलाई आवश्यक सतर्कता अपनाइ सुरक्षित व्यवस्थापन गर्ने,

११. उपरोक्त सुझाव एवं निर्देशन कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय एवं निकायहरुमा लेखी पठाउने ।